कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- १८६५

मिति :- वि.सं. २०८२/११/१५

ने.स. :- ११४६ चिल्लाथ्व, १० शुक्रवार

विषयः सक्कलै का.स.मू उपलब्ध गराइदिने सम्बन्धमा।

श्री मन्त्रालय,आयोग,सचिवालय — सबै

श्री स्थानीय तह (सबै), कोशी प्रदेश।

प्रदेश निजामती सेवा ऐन,२०७९ को दफा ३६(५), (६) तथा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३(१०) बमोजिम निजामती कर्मचारीहरुको एक प्रति वार्षिक कार्यसम्पादन मूल्यांकन फाराम बढुवा समितिको सचिवालयमा अनिवार्य पठाउने व्यवस्था भएबमोजिम हाल सम्म पनि अधिकांश निकायबाट प्राप्त हुन नसकेको र प्राप्त भएका का.स.मू. समेत भाद्र २४ गते कार्यालयमा भएको आगजानीका कारण जली नष्ट भएको कारण यस कार्यालयको च.नं. ८१०, मिति २०८२/०६/२२ र च.नं. ८०९, मिति २०८२/०६/२२ को परिपत्र मार्फत पुनः पठाउनका लागि जानकारी गराएकोमा तपसिलमा उल्लिखित सेवा, समूह,उपसमूह र पदका कतिपय कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराम तोकिएको समयमा प्राप्त नभई बढुवा कार्यमा विलम्ब भएको, अभिलेख राख्न नसकिएको र सम्बन्धित कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम पठाईदिने व्यवस्थाका लागि तत् तत् निकायमा अनुरोध गर्दा यस कार्यालयको पत्र माग भएको भन्ने बुझिएकोले ऐनमा भएको व्यवस्था बमोजिम अभिलेख राख्ने प्रयोजनका साथै बढुवाका लागि आवश्यक पर्ने पछिल्लो तीन(३) आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति बढुवा प्रयोजनार्थ शिलबन्दी गरी यसै पत्रलाई आधार मानी यथाशीघ्र बढुवा समितिको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,कोशी प्रदेशमा पठाईदिने व्यवस्थाका लागि मिति २०८२/११/१५ को (प्रदेश सचिवस्तर) निर्णयानुसार अनुरोध छ।

**तपसिल**

**प्रदेश निजामति सेवा तर्फ**

| सि.नं. | सेवा,समूह,उपसमूह | तह |
|---|---|---|
| १ | प्रदेश स्वास्थ्य-(हेल्थ इन्सपेक्सन,कम्यूनिटी नर्सिङ,हेल्थ एजुकेशन,नर्सिङ/जनरल नर्सिङ,मे.ल्या.टे/ज.मे.ल्या.टे) | ७ |
| २ | प्रदेश इन्जिनियरिङ-(सिभिल/जनरल) | ७ |
| ३ | प्रदेश प्रशासन-(सामान्य प्रशासन,लेखा,विविध/तथ्यांक) | ७ |

**स्थानीय सरकारी सेवा तर्फ**

| सि.नं. | सेवा,समूह,उपसमूह | तह |
|---|---|---|
| १ | स्थानीय कृषि-(कृषि प्रसार,भेटेरिनरी,ला.पो.एण्ड.डे.डे) | ७ |
| २ | स्थानीय स्वास्थ्य-(हेल्थ इन्सपेक्सन,नर्सिङ्ग/जनरल नर्सिङ्ग,नर्सिङ्ग कम्युनिटी नर्सिङ्ग,आयुर्वेद/जनरल आयुर्वेद) | ५ |

..............................

(जनक बस्नेत)

शाखा अधिकृत

फोन नं. ०२१-४७५१६६, ४७५१८९, ईमेल : info.ocmcm@p1.gov.np